गंगादेव गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय सानडाँडा, रोल्पा

५ नं. प्रदेश, नेपाल

## भवन निर्माण सम्बन्धि बोलपत्र आह्वानको सूचना ।

(प्रथम पटक प्रकाशित मितिः २०७५।१२।२१

यस गंगादेव गाउँपालिकाको तपशिल बमोजिमका भवनहरूको निर्माण कार्य ठेक्का प्रकृयाबाट गर्नुपर्ने भएकोले इच्छुक र इजाजत प्राप्त फर्म/ कम्पनि/ संस्था/ निर्माण व्यवसायीहरूले निम्न शर्तहरूको अधिनमा रहि रितपुर्वकको सिलबन्दी बोलपत्र पेश गर्नहुन यो सूचना प्रकाशित गरिएको छ ।

१. यो सूचना प्रकाशित भएको मिति देखि ३०औं दिनको कार्यालय समय भित्र बोलपत्र फारम यस कार्यालयबाट बोलपत्र दाताले अद्यावधिक नविरण गरेको प्रमाणीत इजाजत पत्र / व्यवसाय दर्ताको प्रमाणीत प्रमाणपत्र, मू.अ.करमा दर्ताको प्रमाणीत प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) को प्रमाणीत प्रमाणपत्र, आ.ब. २०७४/७५ सम्मको कर चुक्ता गरेको प्रमाणीत पत्र र निवेदन साथ यस कार्यालयको नाममा जनता बैंक सुकिदह शाखामा रहेको संचित कोष खाता नं. १२५००९०५८८०८२०१ मा रू. ३,०००।- अक्षेरूपि तीन हजार जम्मा गरेको सक्कल भौचर (रकम फिर्ता नहुने गरि) पेश गरेपछि नियमानुसार बोलपत्र फारम यस कार्यालयबाट उपलब्ध गराइने छ ।
२. खरिद गरिएको बोलपत्र फारमहरूको महलहरू स्पष्ट रूपमा भरि प्रत्येक पानामा सहिछाप गरि प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१औं दिनको १२:०० बजेभित्र यस कार्यालयमा उपस्थित भइ बोलपत्र दर्ता गराउन सकिने छ ।
३. बोलपत्र फारम साथ जमानत बापतको रकम यस गाउँपालिकाको नाममा जनता बैंक सुकिदह शाखामा रहेको धरौटि खाता नं. १२५००९०५८८०८२०४ मा दारिला गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा मान्यता प्राप्त बैकबाट जारि गरिएको १२० दिन म्याद भएको जमानी पत्र (विडवण्ड) बोलपत्र साथ पेश गर्नुपर्ने छ । यसरी पेश गरिने जमानत बापतको भौचर, रसिद वा विडवण्ड यो सुचना प्रकाशित भएको मिति पछाडीको लाइ मान्यता दिइने छ ।
४. दर्ता हुन आएका सिलबन्दि बोलपत्र फारमहरू यस कार्यालयमा बोलपत्रदाताहरू वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ तर निजहरूको अनुपस्थितिमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन । फारम खरिद गर्ने वा दाखिला गर्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरू विदाको दिन पछिको कार्यालय खुलेको दिन सोहि समयमा हुने छ ।
५. प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । रित नपुगेका वा म्याद नाघि आएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
६. बोलपत्र सम्बन्धि अन्य शर्तहरू बोलपत्र फारममा उल्लेख गरे बमोजिम हुनेछन ।
७. अन्य कार्यविधिहरू आर्थिक कार्यविधि नियमावली, २०६४ तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) अनुसार हुनेछ ।
८. अन्य थप जानकारी गाउँपालिकाको वेवसाइटः www.gangadevmun.gov.np, इ-मेल : gangadevmun@gmail.com, फोन नं.: +९७७-९८२९५०९२४५ वा कार्यालय समयमा यस कार्यालयमा आइ बुझ्नसकिने छ ।

तपशिलः

| ठेक्का नं. | विवरण | लागत स्टमेट (मु.अ.कर समेत) | बोलपत्र फारम दस्तुर | जमानत रकम | कैफियत |
|---|---|---|---|---|---|
| ०२७/०७५/७६ | गाउँपालिकाको बहुउद्देश्यीय हल भवन निर्माण | रू. ६०,००,०००। | रू. ३,०००।- | कम्तिमा कबोल अङ्कको २.५० प्रतिशत | |
| ०२८/०७५/७६ | ७ नं. वडा कार्यालयको भवन निर्माण | रू. ५०,००,०००। | रू. ३,०००।- | कम्तिमा कबोल अङ्कको २.५० प्रतिशत | |

सिजन [illegible]
प्रमुख प्रशासकीय अधिकृत